## बडीमालिका नगरपालिकाको दोस्रो नगरसभाको १९ औ अधिवेशनमा उपस्थिति २०८३ असार १० गते बुधबार

| क्र स | जनप्रतिनिधिको नामथर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | अमर बहादुर खड्का | नगर प्रमुख | ब न पा ३ | |
| २ | नन्दा कुमारी थापा | नगर उपप्रमुख | ब न पा ९ | |
| ३ | कृष्ण बहादुर कार्की | १ नं वडा अध्यक्ष | ब न पा १ | |
| ४ | डम्मर वहादुर महत | २ नं वडा अध्यक्ष | ब न पा २ | |
| ५ | डम्बल बहादुर रोकाया | ३ नं वडा अध्यक्ष | ब न पा ३ | |
| ६ | अर्जुन नाथ | ४ नं वडा अध्यक्ष | ब न पा ४ | |
| ७ | धरमपाल मिजार | ५ नं वडा अध्यक्ष | ब न पा ५ | |
| ८ | कृष्ण बहादुर खड्का | ६ नं वडा अध्यक्ष | ब न पा ६ | |
| ९ | धर्म राज पाध्याय | ७नं वडा अध्यक्ष | ब न पा ७ | |
| १० | चन्द्र वहादुर थापा | ८नं वडा अध्यक्ष | ब न पा ८ | |
| ११ | शुर्य किरण वि क | ९ नं वडा अध्यक्ष | ब न पा ९ | |
| १२ | राजेश वि क | कार्यपालिका सदस्य | ब न पा ९ | |
| १३ | लक्षी वि क | कार्यपालिका सदस्य | ब न पा ७ | |
| १४ | धना देवि मुसाल | कार्यपालिका सदस्य | ब न पा २ | |
| १५ | निर्मला वि क | कार्यपालिका सदस्य | ब न पा ३ | |
| १६ | निर्मला बडुवाल | कार्यपालिका सदस्य | ब न पा ६ | |
| १७ | अम्बिका वि क | कार्यपालिका सदस्य | ब न पा ८ | |
| १८ | तुलसी गीरी नाथ | कार्यपालिका सदस्य | ब न पा ४ | |
| १९ | बुदे ल्वार | कार्यपालिका सदस्य | ब न पा १ | |
| २० | ईस्वर वहादुर भण्डारी | १न वडा सदस्य | ब न पा १ | |
| २१ | दलु दानी | १न वडा सदस्य | ब न पा१ | |
| २२ | सरीता कार्की | १न वडा सदस्य | ब न पा१ | |

| | | | | |
|---|---|---|---|---|
| २३ | अनिता चदारा | १न वडा सदस्य | ब न पा१ | |
| २४ | मान बहादुर नेपाली | २ नं वडा सदस्य | ब नपा २ | |
| २५ | डब्बल गुयाल | २ नं वडा सदस्य | ब नपा २ | |
| २६ | निर्मला दमाई नेपाली | २ नं वडा सदस्य | ब नपा २ | |
| २७ | रुपा रावल | ३न वडा सदस्य | ब नपा ३ | |
| २८ | जय वहादुर सार्की | ३न वडा सदस्य | ब न पा ३ | |
| २९ | धन वहादुर रोकाया | ३न वडा सदस्य | ब न पा ३ | |
| ३० | कलक बहादुर सिँह | ४ नं वडा सदस्य | ब न पा ४ | |
| ३१ | दिल बहादुर चदारा | ४ नं वडा सदस्य | ब न पा ४ | |
| ३२ | धौलि सनाई नेपाली | ४ नं वडा सदस्य | ब न पा४ | |
| ३३ | रन सिँह साउद | ५न वडा सदस्य | ब न पा ५ | |
| ३४ | खडक बहादुर साउद | ५न वडा सदस्य | ब नपा ५ | |
| ३५ | लक्ष्मि कुमारी बुढा साउद | ५न वडा सदस्य | ब नपा ५ | |
| ३६ | सुचना कुमारी चदारा मिजार | ५न वडा सदस्य | ब न पा ५ | |
| ३७ | प्रेम बहादुर वडुवाल | ६नं वडा सदस्य | ब न पा ६ | |
| ३८ | परे वडुवाल | ६ नं वडा सदस्य | ब न पा ६ | |
| ३९ | मिना लुहार | ६ नं वडा सदस्य | ब न पा ६ | |
| ४० | लोकेन्द्र रोकाया | ७न वडा सदस्य | ब न पा ७ | |
| ४१ | डव्वल ल्वार | ७न वडा सदस्य | ब न पा ७ | |
| ४२ | पार्वति जोशी | ७न वडा सदस्य | ब न पा ७ | |
| ४३ | झीरु ल्वार | ७नं वडा सदस्य | ब न पा ७ | |
| ४४ | करे रावल | ८ नं वडा सदस्य | ब न पा ८ | |
| ४५ | दल एडी | ८नं वडा सदस्य | ब न पा ८ | |
| ४६ | नीता कु बडुवाल थापा | ८नं वडा सदस्य | ब न पा ८ | |
| ४७ | सुर्जा थापा | ९ नं वडा सदस्य | ब नपा ९ | |
| ४८ | सौरे ल्वार | ९ नं वडा सदस्य | ब नपा ९ | |
| ४९ | झुपा सनाई | ९ नं वडा सदस्य | ब नपा ९ | |
| ५० | गोरख बहादुर विष्ट | ९नं वडा सदस्य | ब नपा ९ | |
| ५१ | लोकराज जोशी | प्रमुख प्रशासकीय अधिकृत | बडीमालिका | |

CamScanner

१९ औ नगरअधिवेशनका प्रस्ताव तथा निर्णयहरु २०८३ असार १० गते बुधवार

१. आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने ।
२. आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।
३. नगर गौरवका आयोजना योजना बैंकमा समावेश गर्ने ।
४. विषयगत समितिका प्रतिवेदन अनुमोदन गर्ने ।
५. विनियोजन ऐन, आर्थिक ऐन तथा कार्यविधिहरू स्वीकृत गर्ने ।
६. राजस्व, कर तथा सेवा शुल्कका दरहरू स्वीकृत गर्ने ।
७. विभिन्न निकायसँग साझेदारी तथा समन्वय गर्ने ।
८. कर्मचारी सुविधा तथा विद्यालय अनुदान वृद्धि गर्ने ।
९. संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) अनुसारको संगठन संरचना स्वीकृत गर्ने ।
१०. नगर कार्यपालिकाबाट भएका निर्णय तथा वित्तीय व्यवस्थापन सम्बन्धी कार्यहरू अनुमोदन गर्ने ।
११. स्वीकृत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनका लागि आवश्यक अधिकार प्रत्यायोजन गर्ने ।
१२. भुक्तानी बाँकी दायित्व फछ्र्यौट गर्ने ।
१३. वडाको संख्या सिमाना हेरफेर सम्बन्धमा ।
१४. लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।
१५. आर्थिक वर्ष २०८२/८३ को चालु र पूँजीगत बजेट खर्च समर्थन तथा अनुमोदन गर्ने सम्बन्धमा।
१६. हालसम्मको आय-व्यय अनुमोदन तथा खर्च समर्थन गर्ने सम्बन्धमा ।
१७. बजेट संशोधन तथा रकमान्तरण सम्बन्धमा ।
१८: बडीमालिका एग्रो बिजनेस कम्पनी लिमिटेड स्थापना तथा सञ्चालन सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं. १-** आर्थिक वर्ष २०८३/८४ का लागि नगर प्रमुखबाट प्रस्तुत नीति तथा कार्यक्रममाथि विस्तृत छलफल गरी प्राप्त सुझावहरूलाई आवश्यकतानुसार समावेश गर्ने गरी नीति तथा कार्यक्रम सर्वसम्मत/बहुमतबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २-** आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत वार्षिक बजेट, योजना तथा कार्यक्रममाथि छलफल गरी नगरपालिकाको समग्र विकास, सेवा प्रवाह तथा सुशासन प्रवर्द्धन गर्ने उद्देश्य अनुरूप कार्यान्वयन गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३-** नगरपालिकाको दीर्घकालीन आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा योगदान पुग्ने नगर गौरवका आयोजनाहरू सूचीकृत गरी योजना बैंकमा समावेश गर्ने, स्रोत सुनिश्चितताका आधारमा क्रमशः कार्यान्वयनमा लैजाने तथा आवश्यक समन्वय र सहकार्यका लागि पहल गर्ने निर्णय गरियो ।

१९ औ नगरअधिवेशनका प्रस्ताव तथा निर्णयहरु २०८३ असार १० गते बुधवार

**निर्णय नं. ४-** आर्थिक विकास समिति, सामाजिक विकास समिति, पूर्वाधार विकास समिति, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति र सुशासन तथा संस्थागत विकास समितिबाट प्रस्तुत प्रतिवेदनहरू छलफल पश्चात् अनुमोदन गर्ने तथा प्रतिवेदनमा उल्लेख भएका सुझावहरू कार्यान्वयनका लागि सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ५-** आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन ऐन, आर्थिक ऐन तथा आवश्यक तपसिल बमोजिमका ऐन, नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डहरू प्रचलित कानुन बमोजिम लागू हुने गरी स्वीकृत गर्ने निर्णय गरियो तपसिलः

१. लैङ्गिक हिंसा रोकथाम तथा पिडित संरक्षणका लागि व्यवस्था गर्न बनेको ऐन २०८३,
२. बैदेशिक रोजगारिबाट फर्किएका व्यक्तिहरुको पुनः एकिकरण कार्यक्रम सम्बन्धी निर्देशिका २०८३,
३. लघु जलविद्युत दर्ता ऐन,२०८३
४. बडीमालिका पर्यटन विकास समिति गठन तथा सञ्चालन कार्यविधि,२०८३
५. गरिब तथा विपन्न नागरिकलाई अधिकतम २० युनिट विद्युत महसुल भुक्तानी सहयोग निर्देशिका,२०८३

**निर्णय नं. ६** आर्थिक वर्ष २०८३/८४ का लागि नगरपालिकाको आन्तरिक आय अभिवृद्धि गर्ने उद्देश्यले राजस्व, कर, सेवा शुल्क, दस्तुर तथा अन्य आयका दरहरू अनुसूची बमोजिम स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

**निर्णय नं. ७-** संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार संस्था, गैरसरकारी संस्था तथा अन्य निकायहरूसँग आवश्यक साझेदारी, सहकार्य र समन्वयमार्फत विकास आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८-** नगरपालिकाका कर्मचारीहरूको मनोबल अभिवृद्धि, सेवा प्रवाहको प्रभावकारिता तथा कार्यसम्पादनमा सुधार ल्याउने उद्देश्यले प्रचलित कानुन तथा नेपाल सरकारको तलबमान सम्बन्धी व्यवस्थाको अधीनमा रही आधारभूत तलबमा १० प्रतिशत वृद्धि गर्ने, कार्यसम्पादन मूल्याङ्कनका आधारमा १० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने तथा सामुदायिक विद्यालयहरूलाई उपलब्ध गराउँदै आएको एकमुष्ट अनुदान रकममा १२ प्रतिशत वृद्धि गर्ने साथै सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारी वाल शिक्षकाले नगरपालिकाबाट पाउदै आएको तलबमानमा १२ प्रतिशत वृद्धि गर्ने निर्णय गरियो। बडीमालिका नगरपालिकाको स्वास्थ्य संस्थामा कार्यरत महिला स्वयंमसेविकालाई प्रोत्साहन बापत मासिक रु १००० का दरले रकम दिने निर्णय गरियो।

**निर्णय नं. ९-** संगठन तथा व्यवस्थाप सर्वेक्षण सम्बन्धि राष्ट्रिय मापदण्ड २०८२ को दफा ७ इ बमोजिम सर्वेक्षण समितिले पेस गरेको बडीमालिका नगरपालिकाको संगठ तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८३ माथि छलफल भयो। नगरपालिकाको कार्यवोझका आधारमा सर्वेक्षण समितिले प्रस्ताव गरेको संगठन संरचना तथा प्रस्तावित दरबन्दि आवश्यक रहेको ठहर भई पेस भएको सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो। सभाबाट स्विकृत प्रतिवेदन मूल्याङ्कनको लागि सुदूर पश्चिम प्रदेश मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय धनगढी कैलालीमा पेस गर्ने।



CamScanner

**निर्णय नं. १०-** १८ औं नगरसभापछि नगर कार्यपालिकाबाट भएका निर्णयहरू, बजेट रकमान्तर, कार्यक्रम संशोधन, खर्च समायोजन तथा अन्य आवश्यक वित्तीय व्यवस्थापन सम्बन्धी कार्यहरू प्रचलित कानुन बमोजिम अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ११-** यस नगरसभाबाट स्वीकृत नीति, कार्यक्रम, बजेट, ऐन, नियमावली, कार्यविधि तथा निर्णयहरूको प्रभावकारी कार्यान्वयनका लागि नगर कार्यपालिकालाई आवश्यक अधिकार प्रत्यायोजन गर्ने तथा कार्यान्वयन प्रगतिको नियमित अनुगमन गर्ने निर्णय गरियो।

**निर्णय १२ :**आर्थिक वर्ष २०८२/०८३ सम्म विभिन्न योजना, कार्यक्रम तथा कार्यालय सञ्चालनका क्रममा सम्झौता भई सिर्जना भएका भुक्तानी बाँकी दायित्वहरू सम्बन्धित कागजात, प्रमाण तथा प्रचलित कानुन बमोजिम परीक्षण गरी फछ्यौंट गर्न आवश्यक देखिएको हुँदा त्यस्ता दायित्वहरूको आ व २०८३/०८४ मा भुक्तानीका लागि आवश्यक बजेट व्यवस्थापन गरी प्रचलित कानुन अनुसार भुक्तानी फछ्यौंट गर्ने निर्णय गरियो।

**निर्णय नं.१३:** बडीमालिका नगरपालिका वडा नं. ९ बाट प्राप्त प्रस्ताव बमोजिम वडा नं. ९ र वडा नं. ८ लगायतका वडाहरूको सिमाना फेरबदल सम्बन्धमा आवश्यक अध्ययन, छलफल तथा प्रचलित कानुन र निर्धारित प्रक्रिया नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गिकरण पुनरावलोकन सम्बन्धी मापदण्ढ २०८३ अनुसार आवश्यक कार्य अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं.१४:**"बडिमालिका नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को अन्तिम लेखापरीक्षण प्रतिवेदन लेखा समितिबाट पेश भए बमोजिम यो नगरसभा विस्तृत छलफल गरी देहाय बमोजिम निर्णय गर्दछ:

१. महालेखापरीक्षकको कार्यालयबाट प्राप्त अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजुहरूलाई प्रचलित कानुन बमोजिम फछ्यौंट गर्न र प्रमाण पेश गर्न नगर कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।
२. प्रतिवेदनमा औंल्याइएका सुझावहरूलाई मनन गरी आगामी दिनमा योजना कार्यान्वयन र बजेट खर्च गर्दा आर्थिक अनुशासन र पारदर्शितालाई थप सुदृढ बनाउने प्रतिवद्धता व्यक्त गरिन्छ।
३. विशेष गरी पूँजीगत खर्च र योजनाहरूको भुक्तानी गर्दा प्रचलित ऐन, नियम, कार्यविधि र मापदण्ड अनुसार अनुसरण गरी पूर्ण पालना गर्ने निर्णय गरियो।

**निर्णय न १५:** यस बडीमालिका नगरपालिकाको स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेट बमोजिम आर्थिक वर्ष २०८२/८३ को अवधि (२०८२/०४/०१ देखि २०८३/०३/०९ सम्म) मा विभिन्न चालु र पूँजीगत योजना तथा कार्यक्रमहरूमा भएको खर्च विवरण यस सभामा प्रस्तुत गरियो।

प्रस्तुत विवरण अनुसार, नगरपालिकाको विकास निर्माण, खानेपानी, सडक, शिक्षा तथा स्वास्थ्य क्षेत्रका पूर्वाधारहरूमा भएका खर्चहरू नगरपालिकाको आर्थिक नियमावली र स्वीकृत कार्यविधि अनुसार पारदर्शी रूपमा खर्च भएको



CamScanner

देखिएकाले, उक्त सम्पूर्ण खर्च रकमलाई यो नगरसभा सर्वसम्मतिले समर्थन तथा अनुमोदन गर्ने निर्णय गर्दछ। साथै, अधुरा तथा क्रमागत योजनाहरूलाई आगामी समयमा तीव्रताका साथ सम्पन्न गर्न कार्यपालिकालाई निर्देशित गरिन्छ।

**पूँजीगत योजना तथा कार्यक्रमको खर्च विवरण (आ.व. २०८२/८३)**

| क्र.सं. | योजना/कार्यक्रमको नाम | विनियोजन रकम (रु.) | हालसम्मको खर्च (रु.) |
|---|---|---|---|
| १ | आ.व.२०८१/८२ मा सम्पन्न तथा क्रमागत आयोजनाहरूको बजेट (वडा २, ५, र ६ को प्रशासकीय भवन आदि) | १,८०,००,०००.०० | १,७७,६०,२३६.१८ |
| २ | ऐडीबाडा गडखेत ढल निकास वडा नं ८ | ५,००,०००.०० | ५,००,०००.०० |
| ३ | खानेपानी मर्मत तथा पाईप खरिद | ४,००,०००.०० | २०,३४०.०० |
| ४ | खोचा सिंचाई कुलो निर्माण वडा नं २ | १,५०,०००.०० | १,४९,७३८.५३ |
| ५ | गैरीबजार खानेपानी मर्मत वडा नं ९ | १,००,०००.०० | १,००,०००.०० |
| ६ | देनजुगाडा भेरा खानेपानी मर्मत वडा नं २ | १,५०,०००.०० | १,४९,९०३.०० |
| ७ | दनाउ, सलेना, पाटा, पिनालेक, नुवाकोट खानेपानी निर्माण वडा नं १ | १०,००,०००.०० | ६,७८,३८५.०० |
| ८ | दलित सामुदायिक भवन मर्मत र शौचालय निर्माण वडा नं ४ | २,००,०००.०० | २,००,०००.०० |
| ९ | नुवाकोट ढल निकास क्रमागत वडा नं १ | ५,००,०००.०० | ५,००,०००.०० |
| १० | प्रशासन लगायतका शाखाहरुमा फर्निचर खरिद तथा निर्माण | २,००,०००.०० | १,१५,२६०.०० |
| ११ | पानलोटे खानेपानी वडा नं ५ | ४,००,०००.०० | ४,००,०००.०० |
| १२ | बसपार्क व्यवस्थापन वडा नं ९ | १,००,०००.०० | ९९,५००.०० |
| १३ | भगवती मन्दिर घेरबार योजना ओलेना वडा नं ४ | १,००,०००.०० | १,००,०००.०० |
| १४ | मैमातोला वीपी आधारभूत विद्यालय मर्मत वडा नं २ | १,००,०००.०० | १,००,०००.०० |
| १५ | मर्मत सम्भार कोष रकम | २५,००,०००.०० | १६,७३,३२४.२८ |
| १६ | मष्टामाण्डु मन्दिर व्यवस्थापन चौराटा | २,००,०००.०० | २,००,०००.०० |
| १७ | रजातोली ढल निकास वडा नं ७ | ४,५०,०००.०० | ४,४९,९००.०० |
| १८ | रजातोली तोरे डुमाला बाटो निर्माण वडा नं ७ | १,५०,०००.०० | १,४९,५००.०० |
| १९ | रतुडा खानेपानी मर्मत योजना वडा नं ९ | १,००,०००.०० | ९३,१११.०० |
| २० | वडा नं. २, ५ र ६ को वडा कार्यालय भवन निर्माण क्रमागत | १,२०,००,०००.०० | १२,७०,७९१.३८ |
| २१ | विद्यालय मर्मत तथा शौचालय निर्माण योजना (चोयाकोट मा.वि.) | ५,००,०००.०० | ५,००,०००.०० |
| २२ | संघीय र प्रदेश सरकारबाट प्राप्त समपुरक साझेदारी कार्यक्रम | १,९२,६२,३९०.०० | ३२,०९,३९८.८० |

| | | | |
|---|---|---|---|
| २३ | घटालेश्वरी आ.वि. को घेरबार निर्माण | २,००,०००.०० | १,९२,६४८.०० |
| २४ | जैशीडाँडा आ.वि. को छाना मर्मत | २,००,०००.०० | २,००,०००.०० |
| २५ | सार्वजनिक शौचालय वडा नं २ महत टोल | १,००,०००.०० | १,००,०००.०० |
| २६ | सिमसेला खानेपानी वडा नं ४ | १,००,०००.०० | १,००,०००.०० |
| २७ | चोसेकोट दोगाडे, चोसेकोट कोधिरेखोला सडक | १०,००,०००.०० | १०,००,०००.०० |
| २८ | विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि फर्निचर तथा स्मार्टबोर्ड | १,६३,००,०००.०० | २६,२९,१७७.०० |
| २९ | सामुदायिक विद्यालय भवन निर्माण | १,००,००,०००.०० | ११,६५,५४१.०० |
| ३० | टोडके नगाने सिँचाई कुलो निर्माण रापक वडा नं ८ | ५०,००,०००.०० | १६,०३,६८६.०० |
| ३१ | जडाङ्गा कोध सडक निर्माण | १,६२,००,०००.०० | १५,२८,८००.०० |
| ३२ | मेलकाँध रजाली सडक | ४०,००,०००.०० | ४,२०,०००.०० |

**निर्णय नं. १६:** यस बडीमालिका नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को साउन १ गतेदेखि २०८३ साल असार ९ गतेसम्मको समग्र आर्थिक गतिविधि र वित्तीय स्थितिको समीक्षा गरियो। सो अवधिमा नगरपालिकाले विभिन्न स्रोतहरूबाट कुल रु. ३७,९४,७४,६३३.०१ वास्तविक आम्दानी गर्न सफल भएको देखिन्छ, जुन कुल प्रस्तावित आयको ७२.९५ प्रतिशत हुन आउँछ।

यसैगरी, सोही अवधिमा नगरपालिकाको कुल खर्च रु. ३०,२८,२८,३७१.०१ (कुल बजेटको ५७.६६ प्रतिशत) भएको छ। खर्चको विस्तृत विवरण अनुसार चालू खर्च तर्फ रु. २५,६९,५२,६४०.५४ (७३.४८ प्रतिशत) र पूँजीगत खर्च तर्फ रु. ४,५८,७५,७३०.४७ (२६.१४ प्रतिशत) खर्च भएको प्रतिवेदनमा उल्लेख छ।

अतः नगरपालिकाको नियमित कार्य सञ्चालन, प्रशासनिक व्यवस्थापन र पूर्वाधार विकासका लागि नियमसम्मत ढंगले खर्च भएको देखिएकोले, हालसम्मको उक्त सम्पूर्ण आय-व्यय रकमलाई स्रेस्ता बमोजिम अनुमोदन गर्दै सो खर्चको समर्थन गर्ने सर्वसम्मत निर्णय गरियो । नगरपालिकाको विकास र सेवा प्रवाहको चालु आ.व.को बाँकी अवधिमा हुने चालु र पूँजीगत तथा कार्य संचालन र प्रकोप व्यवस्थापन एवं कोष तथा लेखा नियन्त्रक कार्यालयबाट भुक्तानी आदेशानुसार भएको खर्च गरिएको रकम समेत अनुमोदन गर्ने निर्णय गरियो । साथै खर्चलाई थप प्रभावकारी बनाउन बाँकी अवधिमा विनियोजित बजेटको उच्चतम उपयोग गरी लक्ष्य प्राप्तिमा केन्द्रित हुन समेत यो बैठक निर्देश गर्दछ ।

**निर्णय नं.१७:** आ.व. २०८२/८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा देहाय बमोजिमका शीर्षकहरूमा बजेट थप घट गरिएको छ । उक्त थप घट रकम देहायका 'बचत शीर्षक' बाट रकमान्तरण गरी व्यवस्था मिलाइने निर्णय गरियो



CamScanner

१९ औ नगरअधिवेशनका प्रस्ताव तथा निर्णयहरु २०८३ असार १० गते बुधवार

| क्र. सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०७६९४० २१०१ | पारिश्रमिक कर्मचारी | 21111 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ६,२००.०० | |
| २ | ८०७६९४० २१०१ | कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | 21212 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५००. | |
| ३ | ८०७६९४० २१०१ | विद्युतिय सूचना प्रणालि सुधार कार्यक्रम(internet networking ) | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४००. | |
| ४ | ८०७६९४० २२०७ | इ सि डी भवन निर्माण जिल्ली माथिगाउँ | 31112 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ११०. | |
| | | | | | | | | ७,२१०.०० | |

बढाउने

| क्र. सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०७६९४० २१०१ | सभा सञ्चालन खर्च बजेट संशोधन | 22721 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ४००. | |
| २ | ८०७६९४० २१०१ | स्थानीय राजश्व अभिवृद्धिका लागि अभिमुखिकरण बजेट संशोधन स्रोत | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २००. | |
| ३ | ८०७६९४० २१०१ | टेलीमेडिसिन कार्यक्रम संचालन थप संशोधन | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १००. | |
| ४ | ८०७६९४० २१०१ | टेलीमेडिसिन सेवा कार्यक्रम संचालन थप संशोधन | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५०. | |
| ५ | ८०७६९४० २१०१ | कार्यालयका सवारी साधान मर्मत, टिप्पर, डोजर आदि मर्मत सुधार | 22213 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ७६९.४ | |
| ६ | ८०७६९४० २१०१ | विश्व रेबिज अभिमुखिकरणका संशोधित बजेट स्रोत | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १००. | |
| ७ | ८०७६९४० २१०१ | इन्धन (पदाधिकारी) थप संशोधन | 22211 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २००. | |



CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | ८०७६९४० २१०१ | द लास्टमाइल डिजिटल हेल्थ समिट २०२६ | 22522 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३००. | |
| ९ | ८०७६९४० २१०१ | सेवा र परामर्श खर्च अदालती बहस बजेट संशोधन | 22411 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५०. | |
| १० | ८०७६९४० २१०१ | जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड कार्यक्रम खर्च संशोधन | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५६४.०४ | |
| ११ | ८०७६९४० २१०१ | इन्धन (कार्यालय प्रयोजन) एम्बुलेन्स र कृषि एम्बुलेन्स | 22212 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ८००. | |
| १२ | ८०७६९४० २१०१ | बिमा तथा नवीकरण खर्च | 22214 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ६६.५४ | |
| १३ | ८०७६९४० २१०१ | कराग सेवा शुल्क | 22413 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३,५००.०० | |
| १४ | ८०७६९४० २२०७ | इसिडीका लागि आवश्यक सामाग्री खरिद | 31123 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ११०. | |
| | | जम्मा | | | | | | ७,२१०.०० | |

**कार्यान्वयन:**

यस विधेयक बमोजिमको बजेट संशोधन तथा रकमान्तरणको कार्यान्वयन गर्ने गराउने ज़िम्मेवारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको हुनेछ।

**निर्णय नं.१८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कम्पनी ऐन, २०६३ तथा प्रचलित कानुनबमोजिम बडीमालिका नगरपालिकाभित्र रहेका बाझो तथा कम उपयोग भएका कृषि योग्य जमिनको उत्पादनशील उपयोग, कृषि उत्पादनको व्यवसायीकरण, स्थानीय स्तरमा रोजगारी सिर्जना, कृषि उत्पादनको प्रशोधन, ब्रान्डिङ तथा बजारीकरणमार्फत नगरपालिकाको आर्थिक विकास गर्ने उद्देश्यले सार्वजनिक निजी सामुदायिक साझेदारी (Public–Private–Community Partnership) को अवधारणामा "बडीमालिका एग्रो बिजनेस कम्पनी लिमिटेड" स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा छलफल हुँदा देहायबमोजिम निर्णय गरियोः

१. "बडीमालिका एग्रो बिजनेस कम्पनी लिमिटेड" स्थापना गर्ने सिद्धान्तगत स्वीकृति प्रदान गर्ने।

२. कम्पनी स्थापना, दर्ता, शेयर संरचना, प्रबन्धपत्र (Memorandum of Association), नियमावली (Articles of Association), लगानी संरचना तथा अन्य कानुनी प्रक्रिया पूरा गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आवश्यक प्रक्रिया अगाडि बढाउन अख्तियारी प्रदान गर्ने।

३. कम्पनीको शेयरमा बडीमालिका नगरपालिका, कृषक, कृषि सहकारी, निजी क्षेत्र तथा प्रचलित कानुनले अनुमति दिएका अन्य लगानीकर्ताको सहभागिता सुनिश्चित गर्ने।



CamScanner

१९ औ नगरअधिवेशनका प्रस्ताव तथा निर्णयहरु २०८३ असार १० गते बुधवार

४. कम्पनी सञ्चालनका लागि आवश्यक कार्यविधि, व्यवसाय योजना (Business Plan), वित्तीय योजना तथा सञ्चालन ढाँचा तयार गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्ने ।

५. कम्पनी स्थापना तथा प्रारम्भिक सञ्चालनका लागि आवश्यक बजेट वार्षिक स्वीकृत कार्यक्रम तथा बजेटको अधीनमा रही व्यवस्थापन गर्ने ।

६. यस निर्णयको कार्यान्वयनका लागि आवश्यक समन्वय, सहजीकरण तथा अन्य प्रशासनिक प्रक्रिया अगाडि बढाउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने ।

७. आवश्यकता अनुसार सम्बन्धित निकायसँग समन्वय गरी प्रचलित कानुनबमोजिम कम्पनी दर्ता तथा सञ्चालन प्रक्रिया अगाडि बढाउने ।

CamScanner